ISSN 2321-7936
2321-7936


# Madyamarg
# मध्यमार्ग

अतिरिक्त अङ्क: १

ISSN 2321-7936
2321-7936

Scan this QR Code

विज्ञ समीक्षित भाषा–साहित्य शोधपत्रिका



प्रधान सम्पादक :
नवीन पौड्याल

**सम्पादकीय**

# भारतमा विज्ञ समीक्षित नेपाली भाषा साहित्य जर्नलको अभावपूर्तितर्फ एक कदम

मध्यमार्ग मासिक पत्रिकाले यसपालि भने अतिरिक्त विज्ञ समीक्षित जर्नल पत्रिका प्रकाशित गर्ने जमर्को गरेको छ। मध्यमार्ग-को यस अतिरिक्त अङ्क प्रकाशित गर्ने सपना आदरणीय श्रीमान् मीमलाल सापकोटाको हो। उहाँले नै एकदिन यस कलमकारलाई आफ्नो इच्छा प्रकट गर्नुभयो। यस कलमकारले पनि यथोचित सल्लाह दिएर स्वीकार गरेको हो। यसलाई सकारात्मक रूप दिन प्रकाशक श्रीमान खेम सापकोटासित सर-सल्लाह गर्दा भारतमा विज्ञ समीक्षित (Peer Reviewed Journal) को कमी भएकाले मध्यमार्गको वर्षमा एउटा भए पनि अतिरिक्त अङ्कका यस्तो जर्नल प्रकाशित गर्ने कुरा तय भयो।

मध्यमार्गको यस अतिरिक्त अङ्कलाई वास्तविक रूपमा दिन निकै मेहनत गर्नुपर्‍यो। यसका निम्ति आफुलाई सम्पादन सहयोगीहरूको खाँचो परेको थियो। यस खाँचोलाई टार्न सिक्किमबाट डा. टेकबहादुर छेत्रीलाई भाषा सम्पादक र प्राविधिक सम्पादकका रूपमा नियुक्त गरिएको हो। यस अतिरिक्त अङ्कका निम्ति विभिन्न भारत र नेपालका कलेजका प्राध्यापकगणका लेखादि आएका छन्। तिनलाई सजाउन र मिलाउन केही समय लाग्यो। यस अतिरिक्त अङ्कले नेपाली भाषा र साहित्यका विभिन्न पक्षको सैद्धान्तिक र प्राङ्गिक विश्लेषण गर्ने उद्देश्य लिएको छ। नेपाली साहित्यमा अझै पनि अध्ययन र समालोचनाको कमी नै देखिन्छ। राम्रा राम्रा सिर्जनात्मक कृतिहरूसमेत ओझेल भएका छन्।

यसपालिको पहिलो यस अतिरिक्त अङ्कलाई जतिसक्दो जर्नलको ढाँचामा हालेका छौँ। यद्यपि कतिपय लेख भने विषयवस्तुको महत्त्व र उपयोगिताका कारण यसमा हालेका छौँ। एउटा संयोगको कुरा, यसपालिको अङ्कमा पाँच-छः वटा लेख भने दाम्पत्य जीवनका सन्दर्भमा लेखिएका छन्। यसका निम्ति कुनै पूर्व निर्धारित योजना थिएन। यो आफैं हुनपुगेको छ। यसमा रहेका एकाइसवटा लेखहरूले अनुसन्धाता र जिज्ञासु पाठकका निम्ति उपयोगी रहनेछ भन्ने आशा गरेका छौँ।



# विषयानुक्रम


| | | | |
|---|---|---|---|
| ०१. | अजय लामा | : बालसाहित्यको सन्दर्भ र फूलबारी कविता सङ्ग्रह | ०७ |
| ०२. | अमीर दर्जी | : चामलको महँगी कथामा दाम्पत्य सम्बन्ध विमर्श | १६ |
| ०३. | उदय छेत्री | : आमा महाकाव्यको विधागत अध्ययन | २३ |
| ०४. | कपिल तामाङ | : विन्द्या सुब्बाका कथाको कथ्यभूमि | ३४ |
| ०५. | खेम सापकोटा | : फ्याँकिएका कसिङ्गर कथासङ्ग्रहको विवेचनात्मक विश्लेषण | ४६ |
| ०६. | गीता सापकोटा | : धितोकोख उपन्यासमा सरोगेसी समस्या र मातृत्वचेत | ५६ |
| ०७. | गोमादेवी शर्मा | : मणिपुरमा नेपाली कथा साहित्यको विकासक्रम | ६७ |
| ०८. | दिलकुमार प्रधान | : 'जोइटिङ्ग्रे' कथामा दाम्पत्य जीवनको अर्थ | ७३ |
| ०९. | देवकुमार दमाई | : अगमसिंह गिरीका गीतमा दार्जिलिङ-प्रेम | ८२ |
| १०. | देवी नेपाल | : खण्डकाव्यको सैद्धान्तिक स्वरूप | ८६ |
| ११. | नवीन पौड्याल | : भारतमा नेपाली निबन्धको प्रारम्भ, विकास र प्रवृत्तिको रेखाङ्कन | ९७ |
| १२. | महेश प्रधान | : इन्द्रबहादुर राई अनि गुरुप्रसाद मैनालीको कथामा वैवाहिक सम्बन्ध | १०५ |
| १३. | मेहेरमान सुब्बा | : सानु लामाका कथाहरूको लैङ्गिक अध्ययन | ११२ |
| १४. | योगेश खाती | : 'टिस्टा बग्छ सधैं जस्तो' कथामा दाम्पत्य सम्बन्ध | १२० |
| १५. | रमेशकुमार लुइटेल | : नेपाली लोकगीतका विशेषता | १२६ |
| १६. | राजकुमार छेत्री | : तीतामीठा कुराहरू निबन्धसङ्ग्रहको समीक्षण | १४० |
| १७. | राजकुमारी दाहाल | : रहस्य र अनुसन्धान उपन्यासको विवेचना | १४७ |
| १८. | बिक्रम राई | : निमित्तहरू कथासङ्ग्रहको विवेचनात्मक अध्ययन | १५२ |
| १९. | शालिकराम पौड्याल | : वर्ण तथा वाक्यविश्लेषणको संरचनावादी पद्धति | १५८ |
| २०. | शारदा छेत्री | : अभीष्टको खोजमा आञ्चलिक भाषाको प्रयोग | १६९ |

लिङ्गगत भेदभाव, दाम्पत्य सम्बन्ध, दाइजो प्रथाका दुष्परिणाम जस्ता विषयहरू पाइन्छन्। परम्परागत वर्णनात्मक शैलीमा लेखएका कथाहरू सबै वर्गका पाठकका लागि बोधगम्य छन्।

साहित्यमा योगदान पुऱ्याएको हुँदा सीतादेवी छेत्रीलाई नेपाली साहित्य परिषद मणिपुरद्वारा सोमलक्ष्मी गद्य पुरस्कारका साथै नेपाल अकादमी एवं जरा फाउन्डेशन, नेपाली साहित्य सभा असम, रटन अभियान सिक्किम, दमक कला साहित्य महोत्सव जस्ता साहित्यिक संस्थाहरूबाट सम्मान प्राप्त भइसकेको छ।

### ७. हरिमोहन पोख्रेल :

हरिमोहन पोख्रेलको जन्म १५ मार्च १९८१ मा चारहजारे, मणिपुरमा भएको हो। माता मीनादेवी र पिता देवीप्रसाद पोख्रेलका जेठा पुत्र हरिमोहनले प्रेसिडेन्सी कलेज मोटबुङबाट बि.ए., राष्ट्रभाषा हिन्दी रत्न र पत्रकारितामा प्रमाणपत्रसम्मको शिक्षा प्राप्त गरेका छन्। उनले पत्रकारितालाई नै आफ्नो व्यवसाय बनाएका छन्। उनी विचार, दून संवाद, कन्चनजङ्घा जस्ता पत्र-पत्रिकाहरूमा नियमित संवाददाताका रूपमा कार्यरत रहे। विचार, स्पन्दन, दूनसंवाद, गोर्खा ज्योति, देशवार्ता, स्रष्टा, धडकन, मन्जरी, उदय, प्रदीपिका, पूर्वाधार, रिनाक-पूर्व, झिँमिरे आदि पत्र-पत्रिकामा लेख, कविता, समालोचना विधामा यिनका दर्जनौ रचनाहरू प्रकाशित छन्। यिनी नेनो कथा विधामा सामाजिक सञ्जालमा सक्रिय छन्।

हरिमोहन पोख्रेलको एकमात्र कथा सङ्कलन बगुल्लाको महासभा (२०१३) प्रकाशित छ। यस सङ्ग्रहमा अट्ठाइसवटा कथाहरू सङ्कलित छन्। 'धर्म प्रचारक', 'नयाँ धामी', 'कर्मकाण्ड', 'हल्ला', 'मीडिया', 'रक्सी', 'दुष्टाहार', 'घुस', 'कुराकानी', 'टोल', 'प्रेरणा', 'मौन तपस्वी', 'बगुल्लाको महासभा', 'अधिकार', 'विदा', 'धर्म', 'नवरात्र', 'जाति', 'अङ्ग्रेजी टीचर' आदि यसमा सङ्कलित कथाहरू हुन्। जम्मै कथाहरूले लेखक आफू स्वयंले देखे-भोगेका सामाजिक तथ्यहरू बोकेका छन्। यसका पात्रहरू समाजमा देखापर्ने दैनिक जीवन भोगिरहेका गाँउले मानिसहरू छन्। यी कथाहरूमा विभिन्न क्रियाकलापद्वारा सोझा जनताहरूलाई ठग्ने ठगीहरूको चरित्र उदाङ्गो भएको पाइन्छ। तथाकथित धर्मका ठेकेदार, समाजसेवीको मुखौटो लाएर हिँड्ने नेता, सोझा जनता ठग्ने ठालुहरूको चरित्र चित्रण गर्नु अनि सामाजिक कुरीतिमा प्रहार गर्नु यी कथाहरूको उद्देश्य देखिन्छ।

### निष्कर्ष :

पूर्वोत्तर भारतमा साहित्यको बिउ छर्ने भूमि मणिपुरको कथा साहित्य आफ्नै गतिमा हिँडिरहेको देखिन्छ। नेपाली भाषीहरूको थोरै संख्या, विभिन्न समस्याहरूको चपेटमा परेको जीवन, विभिन्न चापहरू, नेपाली साहित्यिक परिवेशबाट टाढा हुनु, उचित मुद्रण र प्रकाशन व्यवस्थाको कमी जस्ता कारणहरूले गर्दा यस क्षेत्रमा नेपाली साहित्य भनेजस्तो फस्टाएको देखिँदैन। तर थोरै मात्रामा भए पनि यस क्षेत्रबाट लेखिएका पुस्तकहरूले भारतीय नेपाली साहित्यको विकासमा ठुलो टेवा पुऱ्याएको कुरालाई नकार्न सकिँदैन।

### सन्दर्भ :


१. नवीन पौड्याल, २०११, आख्यान अनुशीलन, चन्दननगर : ओरियन प्रेस इन्टरनेशनल।
२. डा. गोमा दे. शर्मा, २०१७, भारतीय नेपाली साहित्यको विश्लेषणात्मक इतिहास, गोर्खा ज्योति प्रकाशन।
३. डा.शान्ति थापा (सम्पा.), २००८, असमेली नेपाली कथायात्रा, असम : नेपाली साहित्य परिषद।
४. डा.गोमा दे. शर्मा (अधिकारी), २०१६, मणिपुरमा नेपाली साहित्य : एक अध्ययन, मणिपुर : गोर्खाज्योति प्रकाशन।


■

# 'जोइटिङ्ग्रे' कथामा दाम्पत्य जीवनको अर्थ


○ दिलकुमार प्रधान
वीरपाडा कलेज।



यस आलोचनात्मक लेखमा वीरविक्रम गुरुङको 'जोइटिङ्ग्रे' कथामा दाम्पत्य जीवनको अर्थ खोज्ने प्रयासमा प्रथमतः 'जोइटिङ्ग्रे' र 'दाम्पत्य जीवन' पदावलीका अर्थ केलाइएको छ। दाम्पत्य जीवनलाई सफल तुल्याउनका निम्ति अतिरिक्त भार बोकाइएका स्वास्नी, पत्नी अर्थात् नारीका अरनखटनमा चल्ने अथवा घरेलु कार्यमा पत्नीलाई पूर्ण सहयोग गर्ने पुरुषलाई हीन ठानेर 'जोइटिङ्ग्रे' उपाधि दिने समाजको मानसिकताका पछिको कारण पनि यहाँ केलाउने प्रयास गरिएको छ। 'जोइटिङ्ग्रे' र 'दाम्पत्य जीवन' पदावलीका अर्थलाई परिपूर्ण, अभिव्यञ्जित पार्ने 'नारी', 'स्त्री' वा 'स्वास्नी' को अर्थ; भारतीय समाजमा नारीहरूको स्थान, मानमर्यादाको बदलिँदो स्वरूप एवं 'जोइटिङ्ग्रे' कथाका सन्दर्भमा नेपाली समाजमा नारीहरूको स्थितिबारे चर्चा गर्ने प्रयास गरिएको छ। दाम्पत्य जीवनमा नारीलाई दोस्रो दर्जा प्रदान गर्ने संस्कार, विचार नेपाली समाजमा कसरी पस्यो भन्ने विषयमा सामान्य चर्चा गर्ने क्रममा कवि भानुभक्त आचार्यका नारी विषयक कविता र विचारबारे पनि केही मन्थन गरिएको छ।


### दाम्पत्य जीवनको अर्थ :

'दाम्पत्य जीवन' वाक्यांशले दम्पतीको जीवन अर्थात् नरनारीको वैवाहिक जीवन भन्ने अर्थ बुझाउँछ। 'दाम्पत्य' भाववाचक नाम हो। यसको अर्थ 'पति र पत्नीको परस्पर सम्बन्ध, दम्पतीसम्बन्धी कृत्य; दम्पती हुने प्रेम आदि'[1] बुझिन्छ। 'दाम्पत्य जीवन' वाक्यांशबाट विधिविधानअनुसार औपचारिक रूपमा परिणत भएका लोग्नेस्वास्नी नामक जोडीको सम्बन्धले विकसित वा निर्देशित नर-नारीद्वयको जीवनधारा भन्ने अर्थ लगाउन सकिन्छ। विवाहले नरनारीमाझको शारीरिक एवं वैचारिक मिलनलाई सामाजिक र सांस्कृतिक मर्यादाको बर्को ओढाउँछ। त्यही बर्कोभित्र रहेर आजीवन आजीविका, यौन, सन्तानोत्पत्तिका साथ पारिवारिक र सामाजिक आचरण सुचारु रूपमा सम्पन्न गर्नु दाम्पत्य जीवनको सफलता मानिन्छ। पतिपत्नीमाझको सुमधुर सम्बन्ध, प्रेम, विश्वास र सहचारी धर्मको अभावले झेउला, दुःख, कष्ट र पीडा उत्पन्न गरे दाम्पत्य जीवन असफल मानिन्छ।

[1] नेपाली बृहत् शब्दकोश, पृ. ६०८